दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक २८८ | बुटवल | २०८२ कात्तिक १२ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday October 29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# सरकारले माग्यो निर्वाचन पर्यवेक्षक




**लुम्बिनी संवाददाता**
*बुटवल*

निर्वाचन आयोगले फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनको पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संस्थाहरूलाई निवेदन पेश गर्न आह्वान गरेको छ।

आयोगले मंगलबार एक सूचना जारी गरेर पर्यवेक्षण अनुमतिका लागि आवश्यक कागजातसहितको निवेदन १५ दिनभित्र पेश गर्न आह्वान गरेको हो।

आयोगकाअनुसार पर्यवेक्षण अनुमतिका लागि निवेदन दिँदा काठमाडौं उपत्यकाको हकमा निर्वाचन आयोगमै निवेदन दिन सकिनेछ। अन्य जिल्लाको हकमा सम्बन्धित प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिन सकिने आयोगले जनाएको छ।

निवेदकले संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको विधानको प्रतिलिपि, संस्था नविकरण भएको निस्साको प्रतिलिपिले निवेदनसँगै पेश गर्नुपर्नेछ।

यस्तै निवेदनका साथमा संस्थाको कार्य समितिका पदाधिकारीहरूको नामावली, राष्ट्रिय/अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सो को प्रमाण, पर्यवेक्षण सम्बन्धमा संस्थाले तयार पारेको ब्रोसर, पुस्तिका, निर्देशिका वा अन्य कुनै प्रकाशन भए सो को प्रति समेत निवेदनसँगै पेश गर्नुपर्नेछ।

यस्तै यसअघिको निवार्चन पर्यवेक्षण गरेको भए आयोगमा निर्वाचन पर्यवेक्षण प्रतिवेदन बुझाएको प्रमाण समेत पेश गर्नुपर्ने आयोगले जनाएको छ।

आयोगका अनुसार निर्वाचनसम्बन्धी कसूर गरी वा निर्वाचन आचारसंहिता उल्लघंन गरी सजाय पाएको संस्था वा यसअघि निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त गरी पर्यवेक्षण पेश नगर्ने संस्थालाई अनुमति दिइने छैन।

यस्तै पर्यवेक्षकले आफ्नो स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको क्षेत्रमा पर्यवेक्षणको अनुमति पाउने छैनन्।

## प्रवासी नेपालीलाई मताधिकार दिन अध्यादेशको तयारी

बुटवल। सरकारले प्रवासी नेपालीलाई मताधिकार दिने गरी अध्यादेश ल्याउने तयारी गरेको छ। यसका लागि विदेशमा रहेका नेपालीलाई मताधिकार दिने कानुनी व्यवस्था गरिँदैछ। जसअन्तर्गत गृह मन्त्रालयले प्रचलित ऐन संशोधनको मस्यौदा तयार पारेर सुझावका लागि निर्वाचन आयोग पठाएको छ।

गृहमन्त्रालयले विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, निर्वाचन आयोग ऐन, मतदाता नामावली ऐन र निर्वाचन कसुर तथा सजाय ऐनमा संशोधन गर्न लागेको हो। यससम्बन्धी मस्यौदा तयार पारेर गृह मन्त्रालयले निर्वाचन आयोगमा पठाएको हो।

गृह मन्त्रालयको कानुन महाशाखाका प्रमुख एवं सहसचिव भरतमणि रिजालले विदेशमा बस्ने नेपाली मतदातामहहरूलाई विदेशबाटै मत हाल्न दिनेबारे छलफल चलिरहेको जानकारी दिए।

उनकाअनुसार मतदाता नामावली संकलनदेखि मतदान केन्द्र व्यवस्थापनसम्मका विषय निर्वाचन आयोगले बनाउने कार्यविधिअनुसार हुनेछ।

यसअघि निर्वाचन आयोगले नै प्रचलित ऐन संशोधन गरेर विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने गरी विधेयकको मस्यौदा गृह मन्त्रालयमा पठाएको थियो। निर्वाचन आयोगले निर्वाचनसम्बन्धी ऐनको एकीकृत मस्यौदामा प्रवासी नेपालीको मताधिकार सुनिश्चित गर्दै १८ असोज २०८० मा गृह मन्त्रालयमा पठाएको थियो।

उक्त मस्यौदा अगाडि बढ्न नसकिरहेका बेला गृह मन्त्रालयले नै प्रवासी नेपालीको मताधिकार सुनिश्चित गर्ने गरी मस्यौदा बनाएर निर्वाचन आयोगमा पठाएको हो।

» बाँकी ३ पेजमा

## आज दल र जेनजीसँग वार्ता

बुटवल। सरकार, राजनीतिक दल र जेनजी प्रतिनिधिहरूबिच त्रिपक्षीय वार्ता हुने भएको छ। वार्ता आज बुधबार दिउँसो ४ बजे प्रधानमन्त्री निवासमा हुनेगरी तय भएको छ।

निर्वाचनको वातावरण तयार पार्नेगरी प्रधानमन्त्री सुशीला कार्कीले वार्ता आह्वान गरेकी हुन्।

स्रोतका अनुसार, विभिन्न ८/९ वटा समूहका जेनजी प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र प्रधानमन्त्री-मन्त्रीहरूसहितको त्रिपक्षीय वार्ता हुन लागेको हो।

बैठकमा निर्वाचनको वातावरण तयार पार्नका लागि सबै पक्षले आ-आफ्नो ठाउँबाट खेल्नुपर्ने भूमिकाका बारेमा छलफल हुने प्रधानमन्त्री कार्यालय निकट स्रोतले बताएको छ।

यसअघि यही कात्तिक ४ गते सरकार र राजनीतिक दलबिच छलफल भएको थियो। प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा भएको सर्वदलीय बैठकमा आवश्यक वातावरण बनाएर निर्धारित समयभित्रै निर्वाचन सम्पन्न गर्नेगरी सबैपक्ष सकारात्मक भएका थिए।

यसबिचमा विभिन्न औपचारिक छलफल र संवाद पनि भएका थिए। लामो समयपछि भएको औपचारिक राजनीतिक संवादले निर्वाचनको माहोल बनाएको सम्बद्ध पक्षको भनाइ छ।

निर्वाचनको तयारीस्वरुप सरकारले सबैखाले काम अगाडि बढाएको सरकारका प्रवक्ता जगदिश खरेल बताउँछन्।

सरकारले निर्वाचन आयोगसँग पनि विभिन्न चरणमा छलफल गरी निर्वाचनको वातावरणका निम्ति ताकेता गरिरहेको छ। सोहीअनुसार आयोग निर्वाचनको आवश्यक तयारीमा जुटिसकेको छ।

## देशभर मौसममा बदली, कृषि कर्ममा सावधानी अपनाउन आग्रह

बुटवल। देशभरि अचानक मौसममा आएको बदली र आगामी केही दिनसम्म भारी वर्षाको सम्भावना मध्यनजर गर्दै किसानहरूलाई कृषि कर्म गर्दा विशेष सावधानी अपनाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आग्रह गरेको छ।

पश्चिमी वायुका साथै अरब सागरमा बनेको न्यून चापीय प्रणालीको प्रभावले मंगलबार विभिन्न स्थानमा वर्षा र हिमपात भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार आगामी आज बुधबार पनि देशका विभिन्न भागमा मध्यमदेखि भारी वर्षा हुने सम्भावना रहेकाले किसानलाई सतर्कता अपनाउन मन्त्रालयले आग्रह गरेको हो। मन्त्रालयले मौसमको पूर्ण जानकारी नलिई तत्कालका लागि कुनै पनि कृषि कार्य नगर्न किसानलाई सुझाएको छ। विशेषगरी धान काट्ने र बिउ भण्डारण गर्ने कार्यमा सचेत रहन भनिएको छ।

बुधबारसम्म पानी पर्ने सम्भावना रहेकाले धान काट्ने कार्य केही दिनका लागि स्थगित गर्न र यदि धान काटिसकेको छ भने धान र पराल सुरक्षित स्थानमा भण्डारण गर्न अनुरोध गरिएको छ।

त्यस्तै तरकारी, तोरी र आलुको बिउ छर्ने वा रोप्ने किसानलाई बिउ छर्नु वा रोप्नुअघि सतर्कता अपनाउन र विशेष ध्यान दिन भनिएको छ।

ठूलो वर्षाका कारण भर्खरै रोपिएका बिउ बगाउन सक्ने वा माटोबाट उखेलिन सक्ने जोखिम रहने हुनाले बिउ र बालीको क्षतिबाट बच्न केही दिन पर्खिन र रोपिसकेको भए ब्याडमा प्लास्टिक छापो लगाउन उपयुक्त हुने मन्त्रालयले जनाएको छ।

कृषि मन्त्रालयले सम्भावित क्षतिबाट बच्न किसानलाई स्थानीय सञ्चारमाध्यमहरू र सामाजिक सञ्जालमार्फत् पनि यस्ता सचेतनामूलक सन्देश प्रवाह गर्ने गरेको छ।

किसानलाई स्थानीय मौसम पूर्वानुमान र कृषि सल्लाहका लागि सम्बन्धित निकायसँग निरन्तर सम्पर्कमा रहन पनि आग्रह गरिएको छ।

## नर्स आन्दोलनले यूसिएमएसमा बिरामी भर्ना अवरुद्ध



बुटवल। सरकारले तोकेको पारिश्रमिकलगायत १२ बुँदे माग राखेर आन्दोलनरत नर्स र युनिभर्सल कलेज अफ मेडिकल साइन्सेसज शिक्षण अस्पताल भैरहवाबिचको वार्ता निष्कर्षविहीन भएको छ।

अस्पताल प्रशासनले सरकारले तोकेको पारिश्रमिक र सेवा सुविधा लागू गर्न नसक्ने भनेपछि वार्ता निर्ष्कविहीन भएको हो।

वार्तामा माग सम्बोधन नभएपछि नर्स र प्यारामेडिक्सले माग पूरा गर्ने सुनिश्चित नभएसम्म आन्दोलन जारी राख्ने घोषणा गरेका छन्।

रुपन्देहीका अन्य निजी अस्पतालमा आन्दोलन स्थगित भए पनि यो अस्पतालमा दश दिनदेखि आन्दोलन जारी छ।

नर्सहरूले हातमा कालोपट्टी बाँधेर 'श्रम शोषण बन्द गर', 'महँगो अस्पताल सस्तो नर्स','नर्सको सम्मान र अधिकार खै' लगायतका नारा लेखिएका प्ले कार्ड प्रदर्शन गर्दै आन्दोलन जारी राखेका छन्।

सरकारले एक वर्ष अघि निर्धारण गरेको र हालै मात्र अनिवार्य लागू गर्न निर्देशन दिए पनि अस्पतालले कार्यान्वयन नगरेको भन्दै कात्तिक २ गतेदेखि आन्दोलनमा छन्। यो अस्पतालमा २ सय बढी नर्स र प्यारामेडिक्स आन्दोलनमा छन्।

नर्सहरूको आन्दोलनका कारण नयाँ बिरामी भर्ना रोकिएको छ। इमर्जेन्सी, मिर्गौलाको डायलासिस र कात्तिक २ गते अघि भर्ना भएका बिरामीको उपचार बाहेकका काम नर्स र प्यारामेडिक्सले रोकेका छन्। यसले उपचार सेवा प्रभावित भएको छ।

नेपाल सरकारले २०८१ मंसिर २७ मा स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ र स्वास्थ्यकर्मीको पारिश्रमिक, सेवा-सुविधा सरकारीसरह नघट्ने गरी लागू गर्नुपर्ने निर्णय गरेको थियो। सरकारी मापदण्डअनुसार नर्सको न्यूनतम पाँचौं तहको तलब ३४ हजार ७३० रुपैयाँ र वरिष्ठ पाँचौं तहको ३७ हजार ७४३ रुपैयाँ तोकिएको छ।

अस्पतालले भने श्रमिकका लागि सरकारले तोकेको न्यूनतम तलब १९ हजार दुई सय रुपैयाँमा नघट्ने गरी तलब दिने गरेको अस्पतालका जनसम्पर्क अधिकृत सुशील गुरुङले बताए।

» बाँकी ३ पेजमा

## माधव नेपालका सबै सुरक्षाकर्मी फिर्ता

बुटवल। सरकारले पूर्वप्रधानमन्त्री माधवकुमार नेपालका सबै सुरक्षाकर्मी फिर्ता गराएको छ।

पूर्वप्रधानमन्त्रीको हैसियतमा उनले पाउँदै आएका सुरक्षाकर्मी सबै फिर्ता गर्ने निर्णय भएको हो। पूर्वप्रधानमन्त्रीको हैसियतमा सरकारले १६ जना सशस्त्र प्रहरी र २ जना नेपाल प्रहरी सुरक्षाकर्मीको रुपमा उपलब्ध गराउँदै आएको थियो।

नेपाल भ्रष्टाचार अभियुक्त भएका कारणले सुविधा कटौती गरिएको स्रोतले बताएको छ।

फेरि निवेदन हालेमा सुरक्षा चुनौतीलाई मध्यनजर गरेर आवश्यक निर्णय हुनसक्ने गृह मन्त्रालयले जनाएको छ। पतञ्जली जग्गा हिनामिना प्रकरणमा विशेष अदालतले तोकेको ३५ लाख रुपैयाँ धरौटी रकम तिरेर अध्यक्ष नेपाल रिहा भएका थिए।

विशेष अदालतका सदस्यहरू तेजनारायण सिंह राई, रामबहादुर थापा र विदुर कोइरालाको इजलासले उनलाई धरौटीमा छाड्न आदेश दिएको थियो।

यसअघि सरकारले पूर्वप्रधानमन्त्रीद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डले प्रयोग गरेका मापदण्डविपरीतका सुरक्षाकर्मी फिर्ता गराएको थियो।

## लुम्बिनी लायन्सलाई शाइन रेसुंगा विकास बैंकको साथ



बुटवल। नेपाल प्रिमियर लिग (एनपीएल) मा लुम्बिनी प्रदेशको प्रतिनिधित्व गर्ने टिम लुम्बिनी लायन्सले शाइन रेसुंगा डेभलपमेन्ट बैंकलाई 'होम बैंक पार्टनर' छनोट गरेको छ।

'होम डेभलपमेन्ट बैंक पार्टनर' सम्बन्धी सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत लोकराज पनेरु र लुम्बिनी लायन्सका म्यानेजर लक्ष्मणदेव आचार्यले हस्ताक्षर गरेका छन्।

टिम म्यानेजर आचार्यले शाइन रेसुंगा लुम्बिनी प्रदेशमा स्थापना भई प्रदेशको एक मात्र राष्ट्रियस्तरको विकास बैंक भएकाले साझेदार बनाएको बताए। बैंकसँगको साझेदारीले खेलाडीमा लगानी गर्न सहज भएको र टिमकै हौसला बढेको आचार्यले बताए।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पनेरुले क्रिकेट खेलको विकास र खेलाडीको प्रोत्साहनका लागि प्रदेशको प्रतिनिधित्व गर्ने टिमसँग सहकार्य गरेको जनाए।

बैंकका चिफ ब्राण्डिङ अफिसर प्रभास राईले नेपालकै प्रतिष्ठित क्रिकेट प्रतियोगितामा खेल्ने टिम लुम्बिनी लायन्ससँग बैंकको साझेदारीले समग्र लुम्बिनी प्रदेशको ब्राण्डिङ र पर्यटन प्रवर्धनमा समेत योगदान पुग्ने विश्वास लिएको जनाए।

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा आगामी मंसिर १ देखि २७ गतेसम्म नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करण सुरु हुँदैछ। एनपीएलको पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको थियो।

शाइन रेसुंगा बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा योगदान गर्दै आएको छ। बैंकले वातावरण संरक्षण र हरियाली प्रवर्धनका लागि हालसम्म १६ हजार बिरुवा रोपेको छ भने डिजिटल वित्तीय साक्षरता समुदायसम्म पुर्‍याउन अभियान नै सञ्चालन गरेको छ। यस्तै पत्रकारिता, सामाजिक र धार्मिक क्षेत्रमा समेत योगदान गर्दै आएको बैंकले जनाएको छ।


प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

## सम्पादकीय

# खोई प्रहरी ?

भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र विध्वंशपछि हतास र कमजोर मनोबलमा देखिएको प्रहरीको मनोबल उकास्न सरकारले पहलकदमी नलिंदा सुरक्षा चुनौती थपिएको छ। शान्ति सुरक्षाको बहालीका लागि प्रहरी संगठनको चुस्त परिचालन र बलियो मनोबल आवश्यक पर्छ।

२४ भदौको विध्वंशमा लुटिएका १२ सय ७६ हतियारमध्ये ५ सय ५६ थान हतियार अझै फेला परेका छैनन्। कारागारबाट भागेका १४ हजार कैदी बन्दीमध्ये ५ हजार अझै सम्पर्कमा आउन सकेका छैनन्। कार्यस्थलमा खटिएका तीन प्रहरीको हत्या भयो। प्रहरीको लुटिएको पोशाक लगाएर अपराधिक क्रियाकलाप हुन थालेको छ। तोडफोड, आगजनी र लुटपाटमा संलग्न अपराधिक व्यक्तिलाई कानुनी दायरामा ल्याइनुपर्ने माग बढिरहेको बेला सरकारले प्रहरीलाई कानुनी कारबाहीको बाटोमा हिंड्न प्रेरित गर्न सक्नुपर्दथ्यो। तर गृहमन्त्री ओमप्रकाश अर्यालले प्रहरी हत्यामा संलग्नसहित लुटपाट र आगजनीमा संलग्नलाई पक्राउ गरी कारबाही अघि बढाउन थालेपछि छानबिन समितिको दायरामा पर्ने भन्दै सक्रियता नदेखाउन निर्देशन दिए। गृहमन्त्री एकातिर प्रहरीलाई यस्तो निर्देशन दिएर अपराधिक क्रियाकलापमा संलग्नहरुलाई ढाडस दिए भने अर्कोतिर पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई तत्काल पक्राउ गरी कारबाही गर्न प्रहरी नेतृत्वलाई निर्देशन दिए। गृहमन्त्रीको निर्देशनपछि प्रहरी उच्च अधिकारीहरुले विधि, प्रक्रिया र कानुनका बारेमा गृहमन्त्रीलाई लामै छलफल गरी सम्झाउनुपर्‍यो। प्रहरीलाई कानुन कार्यान्वयनको बाटोमा हिंड्न प्रेरित गर्नुपर्ने गृहमन्त्रीले आग्रह र पूर्वाग्रह राखेर अघि बढ्दा मनोबल गुमेको प्रहरी बाबु आमा गुमाएका बालबालिका झै हुन अवस्था श्रृजना भयो, अहिले बल्ल चौतर्फी दबाबपछि प्रहरीले विस्तारै कानुन कार्यान्वयनको बाटोमा अघि बढ्दैछ, यसलाई सकारात्मक मान्नुपर्छ।

कानुन कार्यान्वयनको बाटोमा अघि बढ्दा मात्रै प्रहरी लयमा अघि बढ्छ भन्ने हेक्का नहुनु गृहमन्त्रीको कमजोरी हो। प्रहरी अधिकारीहरुका अनुसार, कानुन हातमा लिएर अघि बढ भनेर भन्ने गृहमन्त्रीले खस्किएको मनोबल लिएर प्रहरी फिल्डमा खटिन सक्तैन भनेका प्रहरी अधिकारीलाई मनोबल बढाउन के गर्नुपर्छ भन्ने समेत राम्ररी सोधेका छैनन्। जेलका कैदी बन्दी समुदायमा पुगेका छन्। लुटिएका घातक हतियार कहाँ पुगेका छन् ? प्रहरी पोशाक लगाएर मध्यरातमा चितवनमा घरमा लुटियो। यो परिस्थितिलाई सम्हाल्ने भनेको आग्रहमा हिंड्ने र कुण्ठाग्रस्त नेतृत्वले होइन्, विवेकी नेतृत्वले मात्रै ढाडस दिनसक्छ।

चाडबाडको बेला प्रहरी गतिविधि बढ्नुपर्ने बेला प्रहरी परिचालन सुस्त भयो। राजमार्गमा चेकजाँच पटक्कै छैन। बुटवललगायतका शहरी क्षेत्रमा निद्रा खल्बलिने गरी कुनै विष्फोट जस्तो चर्को आवाज निकाल्ने गरी मोटरसाइकल कुदाउँदा समेत प्रहरी मौन छ। सर्वसाधारणले प्रहरी भएको महशुस गर्न सकेका छैनन्। पहिले चोक-चोकमा खटिने प्रहरी अहिले देखिंदैनन्। के यस्तै गरी राज्य चलाउन खोजिएको हो ? अपराधीको मनोबल बढाएर समाजलाई त्रासमा राख्न खोजिएको हो ? समाजमा राज्यको अनुभूति दिने हो भने अहिलेको शून्यतालाई चिर्न सक्नुपर्छ। प्रहरी पूर्ववत अवस्थामा फर्किनुपर्छ, त्यसका लागि नागरिकले सघाउ पुर्‍याउनुपर्छ।

# डिजिटल विद्रोह र हाइब्रिड संविधानबिच संघर्ष !



दीपेन्द्र पाण्डे

*डिजिटल पुस्ताले आफूलाई बाँध्ने संरचनालाई समर्थन गर्दैन, तबसम्म आयातित लोकतन्त्र र राज्य युद्धमा रहनेछ। यतिबेला मुलुकले एउटा कठिन निर्णय लिने समय आएको छ। वर्तमान संविधान र मुलुक, सनातन र धर्मनिरपेक्षता, अमेरिका र विश्वशान्ति, सोसल मिडिया र अनुशासन जस्ता विषय सँगसँगै जान सक्दैन भन्ने बुझ्दै जेनजी पुस्ताले अर्ग्यानिक धारणा बनाउन जरुरी छ।*

जेनजी विद्रोहले एउटा ब्रान्ड सिर्जना गर्ने प्रयास गरिरहेको छ। विद्रोह पूर्व सम्भावित परिणामलाई नदेखेको जेनजी पुस्ताले आफूलाई निर्दोष सावित गर्न सङ्घर्ष गरिरहेको छ। आफ्नो पुस्तालाई शिखण्डी बनाएर मुलुकको 'इतिहास र सभ्यता' खरानी बनाइएको घटनालाई सूक्ष्म विश्लेषण गर्नसमेत नसक्ने अवस्थामा जेनजी पुस्ता छन्। मुलुकभित्र र बाहिरका 'शत्रु' डिजिटल पुस्ताले छुट्ट्याउन असफल भएको छ। यी केवल शब्दहरू होइनन्, कथितहरूलाई बिदा दिने नाममा मच्चाइएको अराजकता र ध्वंसलाई परिवर्तन भन्ने कि घुसपैठ ? जसको जवाफ दिन जेनजी पुस्ता अलमलिए मुलुकलाई रसातलमा पुऱ्याउन चाहने शक्ति जुर्मुराउँदै जानेछ।

राज्यको हिंस्रक प्रवृत्तिलाई नचिनेको जेनजी पुस्ताले निर्दोष ७६ नेपालीको रगत किन र कसरी बग्यो, भाद्र २३ र २४ गतेको बीचमा फरक थियो कि थिएन ? पहिल्यै अन्यायमा परेका नागरिकले कसरी न्याय पाउँछन् भन्ने गम्भीर सवालको जवाफ खोज्न नसक्दा मुलुक थप कमजोर बन्दैछ। आम्दानी भन्दा खर्च बढी भएको हाइब्रिड व्यवस्था, समाजको अन्तरविरोध नबुझ्ने जेनजी पुस्ता, नकारात्मकतालाई सिर्जना मान्ने र ठान्ने सोसल मिडिया पुस्ता, राजनीतिलाई उद्योग बनाउने दलीय नेतृत्व रहेसम्म गरिबी र भ्रष्टाचार अनिवार्य बन्नेछ भन्ने बुझेको विश्व पुँजीवादले मुलुकमा गज्जबले खेल्दै आएको छ। गरिबीमा हुर्किने भनेकै कम्युनिस्ट या आतङ्कवाद हो भन्ने नबुझ्ने डिजिटल पुस्ताले पछिल्लो ध्वंसको असली मुहान फेला पार्न मुलुकमा लादिएको उत्पादन नीति र भू-राजनीतिबीचको प्रतिस्पर्धा र सम्बन्ध केलाउन जरुरी छ।

यस्तो देखिन्छ कि राम्रो खेल्ने समय सकिएको छ। मुलुक अनिश्चित भविष्यतर्फ लम्किएको छ। वर्तमान अवस्था र वैदेशिक सक्रियता जारी रहेमा खराब तरिकाहरू परिवर्तन नहुने निश्चित छ। पीडा अनियन्त्रित बनिसकेको छ। रणनीतिक आतङ्क र लक्षित गतिविधिले नकारात्मक नतिजाबाहेक केही नदिने खुलिसकेको छ। तनावहरूले कस्तो परिवर्तन भन्ने बिर्सिएको छ। शान्तिको निम्ति मध्यस्थकर्ताहरूको आवश्यकता छ। दुर्भाग्यवश मुलुकले थप नोक्सानी कुरिरहेको छ।

आक्रामक छिमेकी र पश्चिमा इलिमेन्टको कडा नियन्त्रणमा मुलुक परेको कटु सत्य नेपाली सेनाले महसुस गरिसकेको छ। जेनजी विद्रोह र रणनीतिक हिंसाको सफल प्रयोगपश्चात् अर्ग्यानिक आक्रोशले खोजेको परिवर्तन अझै देख्न पाएको छैन। सरकारको वैधतामाथि प्रश्न उठिसकेको छ। राज्यको आचरण, व्यवहार र विश्वास नबदलिएको नागरिकले देखिसकेको छ। तमाम खराबीलाई यथावत् राखेर सफलताको घोषणा गरिएको छ। सडकले लखेटेका, सेनाले बचाएका व्यक्तिको हुङ्कारमा ताली बजिरहेको छ। यसको अर्थ सुरक्षा खतरा र राजनीतिक अस्थिरता मुलुकको निम्ति थप बोझ हुनेछ।

चाहे आधिकारिक होस् वा अनौपचारिक आवाज, मुलुकको वर्तमान समस्याको स्टेक होल्डर काङ्ग्रेस, एमाले र माओवादी केन्द्र मात्र थिएनन् /होइनन्। आजको अवस्था आउनुमा दक्षिण-पश्चिमको नीतिले काम गरेको जेनजी पुस्ता र मुलुकले जति छिटो बुझ्नेछ त्यति नै छिटो समस्याको समाधान निकाल्न सजिलो हुनेछ। दुर्भाग्यवश मुलुकले खोजेको समाधानले थप लडाइँलाई स्वागत गरिरहेको छ। दुवै छिमेकीलाई तनावमा राखेर खोजिने समाधानले मुलुकलाई गृहयुद्ध या अन्तहीन द्वन्द्वतर्फ धकेल्ने निश्चित छ। बिग्रँदै गएको राजनीति र सुरक्षा अवस्थालाई नजिकबाट नियाल्दा घुसपैठलाई प्रोत्साहन गरिरहेको छ। दीर्घकालीन अस्थिरताको निम्ति आर्थिक सहयोग प्रदान गरिरहेका शक्तिले नागरिक असन्तुष्टिलाई कसरी हिंसामा परिणत गर्न सफल भयो भन्ने बहसमा मुलुक नजानुले अनिष्ट अझै बाँकी छ भन्ने खुलिसकेको छ।

रणनीतिक रूपमा मुलुकलाई नियन्त्रण गर्न चाहने शक्तिले राजनीतिक सुधारलाई रोकेर बसेको छ। अलोकप्रिय नेतालाई निर्वाचन प्रणालीमार्फत जोगाउने कोसिस गरिँदैछ। वैदेशिक शक्तिलाई खुसी राख्न मुलुकले अनुपयुक्त दबाब र इच्छालाई स्वीकार गर्दै आएको छ। यसको मतलब यो होइन कि मुलुकले लडाइँहरू जित्न सक्दैन। जेनजी पुस्ताले मुलुकमैत्री राजनीतिको नेतृत्व लिन मैदान ओर्लिनु पर्नेछ। तथापि, अत्यधिक आत्मविश्वासविरुद्ध सावधानी अपनाउन जरुरी छ। विशेषगरी नकारात्मक प्रवृत्तिलाई कुल्चँदै, वास्तविक ग्रासरुटको समस्या पहिचान गर्दै, तमाम सङ्कटको व्यवस्थापनतर्फ लम्किनु पर्नेछ।

परिवर्तन गर्नै पर्ने विषय लामो समयदेखि चल्दै आएका छन्। हरेक विद्रोहमा नागरिकको रगत पोखिएको छ। दुर्भाग्यवश नागरिकको माग सम्बोधन भएको पाइँदैन। अनुमान मात्र गर्न सक्छौं कि नागरिकले फेरि पनि रगत बगाउनु पर्नेछ। 'आवश्यकताको सिद्धान्त'ले प्रतिनिधिसभालाई निलेको छ। सडकले संसद् विघटनलाई जायज ठहराएको छ। न्यायपालिका, संसद् र कार्यपालिकाभित्र त्यस्ता व्यक्ति थिए/छन्, जसले नागरिकलाई कहिल्यै खुसी राख्न सकेन। संवैधानिक अङ्गहरूले आफूभित्र खराबी छ भन्ने महसूस गरिरहे तर समयमै सुधार गर्न उत्सुकता र तत्परता देखाएनन्। अर्थात्, एक अव्यक्त सम्झौता जसले संविधानको असफलतालाई जोड दिइरह्यो, विद्रोहलाई निमन्त्रणा गरिरह्यो।

वैदेशिक षड्यन्त्र, आन्तरिक अराजकता र कथित रोमान्टिकीकरणमा मुलुक फसिसकेको छ। अदृश्य राजनीति र पप संस्कृतिले डिजिटल पुस्तालाई सत्यतर्फ जान रोकेको छ। कानुनलाई रखैल बनाउने, गलतलाई सही बनाउने, भाले माहुरीबाट 'मह' उत्पादन गर्ने, ब्वाँसोलाई परिवर्तनको बाहक मान्ने कथित लहडमा मुलुक फसिसकेको छ। 'लुसिफर'प्रति मोहित बन्ने, नियम तोड्नेलाई मुक्तिदाता देख्ने र मान्ने डिजिटल पुस्ताले फिल्मी शैलीमा मुलुक खरानी बनाएको छ। कलिउड, हलिउड, बलिउड, उपन्यास र वास्तविक संसारका शक्तिशाली व्यक्तिहरू, ट्रम्पदेखि पुटिनसम्म, मोदीदेखि सीसम्म, लुसिफरदेखि भगौडा निवर्तमान प्रधानमन्त्रीसम्मले प्रमाणित गर्न चाहेका छन्- उनीहरू कानुनद्वारा बाँधिन तयार छैनन्। 'समस्याग्रस्त आदर्श व्यक्ति'हरूको नजरमा संविधान र लोकतन्त्रसँग कुनै लगाव छैन, छ त केवल 'स्वघोषित मिसन'! जसले भूराजनीतिक टकरावलाई नयाँ उचाइमा पुऱ्याएको छ।

मुलुकले कठिन बाटोमा हिँड्न सक्ने नेतृत्व खोजिरहेको छ। हाइब्रिड सेट अप, वित्तपोषित सडक विद्रोह, डिजिटल सङ्गठनको विचार र काल्पनिक सपनाबाट जन्मिएका समस्याहरू समाधान गर्ने अर्ग्यानिक विचार र नेता मुलुकले खोजिरहेको छ। रणनीतिक घटनाहरूले स्पष्ट सन्देश दिएको छ- मुलुक हाइब्रिड उपलब्धिको फन्दामा परिसकेको छ। 'नायक खोज्ने कि न्यायिक सक्रियता' भन्ने बहसमा मुलुकलाई फसाउने तारतम्य मिलाइएको छ, जसले गर्दा विशेष कार्यहरू गर्ने जिम्मेवारी पाएका अङ्गहरूको काममा अवरोध सिर्जना भएको छ। तत्-तत् व्यक्ति र संस्थाको मनोबल उठ्नै नसक्ने गरी गिराइएको छ

डिजिटल पुस्ताले 'अवैध' काम गरेर सही नतिजा निकाल्न मरिहत्ते गरिरहेको छ। सुशासनको निम्ति सरकारको अवज्ञा गर्नु संवैधानिक र सैद्धान्तिक अडान मान्न सकिन्छ। दुर्भाग्यवश मुलुकको प्रतिष्ठा, सान र इतिहास पोल्नेहरूलाई रोक्न नसक्नु विद्रोह र स्वतन्त्रताको गम्भीर दुरुपयोग भन्न सकिन्छ। डिजिटल पुस्ताले राजनीतिक असंलग्नता र गैरसंवैधानिक साहसवादबिच के भिन्नता छ, आजसम्म छुट्याउने कोसिस गरेको देखिएन। जेनजी पुस्ताको गम्भीर दुरुपयोगपश्चात् अपहरणमा परेको सफल विद्रोहले एउटा साधारण प्रश्नको जवाफ खोजेको खण्डमा मुलुकको राजनीति कसले नियन्त्रण गरिरहेको छ भन्ने बुझ्न सकिन्छ।

के संविधान साँच्चै नै वर्तमान सङ्कटलाई सम्हाल्न असमर्थ भएको हो ? यसका असंख्य चुनौतीको बाबजुद हातमा आएको सत्ता सेनाले कसलाई, किन र कसरी फर्कायो ? आर्थिक मन्दी, कुशासनदेखि विद्रोहसम्म शान्त बसेको नेपाली सेना गम्भीर संवैधानिक सङ्कटको बाबजुद संविधानलाई कोमामा पुऱ्याएर किन लोकतान्त्रिक बन्न हौसियो ? मुलुकको विद्रोह र त्रासदी संवैधानिक असफलताले गर्दा भएको हो कि सत्ताको नालायकीले भन्ने प्रश्नमा फस्न नचाहेको सेनाले जति अस्वीकार गरे पनि भूराजनीतिक दबाबलाई राम्रैसँग सम्बोधन गरेको मान्न करै लाग्छ। आयातित संविधान स्पष्ट र आत्मनिर्भर छ भने, मुलुकले किन संविधान बाहिरबाट मुक्तिदाता खोज्दैछ ? जबसम्म डिजिटल पुस्ताले आफूलाई बाँध्ने संरचनालाई समर्थन गर्दैन, तबसम्म आयातित लोकतन्त्र र राज्य युद्धमा रहनेछ। यतिबेला मुलुकले एउटा कठिन निर्णय लिने समय आएको छ। वर्तमान संविधान र मुलुक, सनातन र धर्मनिरपेक्षता, अमेरिका र विश्वशान्ति, सोसल मिडिया र अनुशासन जस्ता विषय सँगसँगै जान सक्दैन भन्ने बुझ्दै जेनजी पुस्ताले अर्ग्यानिक धारणा बनाउन जरुरी छ।

संवैधानिक नायक बन्नको लागि कोही भग्नावशेषबाट माथि उठ्नु आवश्यक छ। आयातित संविधानको संरक्षण, यसको सीमाहरूको सम्मान र राज्यका तीनै अङ्गहरूको स्वतन्त्रतामा जोड दिने कि कसैलाई निषेध नगर्ने संविधान जन्माउने भन्ने विषयमा प्रवेश गर्ने भन्न ढिला भइसकेको छ। मुलुकलाई लुसिफरबाट जोगाउने, आयातित विचार र व्यक्तिमार्फत लादिएको संकटबाट फिर्ता तान्ने, जिलेन्स्की जन्मिने आधारहरू बन्द गर्ने, अराजकताको चक्र अन्त्य गर्ने र राष्ट्र जोगाउने अभियानलाई सफल बनाउने कार्यभार डिजिटल पुस्ताको काँधमा आएको छ। यस महान् अभियानमा डिजिटल पुस्ता चुकेमा उनीहरू सार्वभौम नागरिकबाट 'ग्राहक'मा रूपान्तरण हुनेछन्।

घटना र विचारबाट

# खुट्टा सधैँ चिसो हुने वा सुनिन्छ ? मुटुको समस्याको लक्षण हुनसक्छ

मानिसको खुट्टाले स्वास्थ्यका धेरै लुकेका सङ्केतहरू दिन्छन्, जसलाई हामी प्रायः बेवास्ता गर्छौं। खुट्टामा निरन्तर सुन्निने, चिसो रहने वा औँला र गोलीगाँठामा घाउ निको नहुने जस्ता समस्याहरू मुटु र रक्तनलीसम्बन्धी गम्भीर रोगहरूको लक्षण हुन सक्छन्।

विशेषगरी, खुट्टा सधैँ चिसो रहनुलाई हल्का रूपमा लिनु हुँदैन, किनभने यसको सम्बन्ध सिधैँ मुटुसँग जोडिएको हुन्छ। यही कारणले गर्दा खुट्टाको काफ मसललाई दोस्रो मुटु पनि भनिन्छ।

इन्डियन एक्सप्रेसको एक रिपोर्टमा, एनेस्थेसिया र पेन मेडिसिन विशेषज्ञ डा. कुणाल सूदले तल्लो अंगहरूमा हुने परिवर्तनहरू मुटुको आन्तरिक अवस्थाको प्रतिबिम्ब हुन सक्ने बताएका छन्। उनले खुट्टामा देखिने परिवर्तनहरूले मुटु, रक्तनली वा रक्तसञ्चारमा के भइरहेको छ भन्ने कुरा दर्साउने जानकारी दिए।

**खुट्टामा सुन्निने र चिसोपन**

डा. सूदका अनुसार यदि खुट्टाका नसाहरू नीलो र उठेका देखिन थाले भने, यो भेरिकोज भेन्सको सङ्केत हुन सक्छ। यो अवस्था तब आउँछ जब नसाका भल्भहरू कमजोर हुन्छन् र रगतको प्रवाह सही दिशामा हुन पाउँदैन। गोलीगाँठामा दुवैतिर निरन्तर सुन्निने रहेमा र लामो समयसम्म उभिएर बस्दा भारीपन वा दुखाइ महसुस भएमा, यो क्रोनिक भेनस डिजिजको लक्षण हुन सक्छ।

त्यस्तै, यदि खुट्टाहरू लगातार चिसो रहन्छन्, पहेंलो हुन्छन् वा हिँड्दा दुखाइ महसुस हुन्छ भने, यो पेरिफेरल आर्टरी डिजिज (पीएडी) को निशानी हुन सक्छ। यसमा धमनीहरू साँघुरो हुन्छन्,



जसले गर्दा खुट्टासम्म रगतको प्रवाह कम हुन्छ र दुखाइ वा ऐँठन हुन्छ।

**एकै खुट्टा सुन्निने**

यदि एउटा मात्र खुट्टा वा पिँडुला रातो, तातो वा सुन्निएको महसुस भएमा, यो भेनस अब्स्ट्रक्सन (नसामा अवरोध) को सङ्केत हुन सक्छ, जुन धेरै खतरनाक हुन्छ। डा. सूदका अनुसार यस्तो अवस्थामा एकतर्फी सुन्निने, न्यानोपन र नरमपन हुन्छ, जसले रगतका नलीहरूमा अवरोध पुऱ्याउन सक्छ। यो लामो समयसम्म गतिहीन रहनु, गर्भावस्था वा आनुवंशिक क्लटिङ डिसअर्डरका कारण हुन सक्छ।

यस्तो अवस्थामा औँला वा गोलीगाँठामा बनेका निको नहुने घाउहरूलाई बेवास्ता गर्नु हुँदैन। जब शरीरमा रक्तसञ्चार र अक्सिजनको आपूर्ति घट्छ, तब साना घाउहरू पनि छिटो निको हुँदैनन्। यो पीएडीको गम्भीर सङ्केत हो र ध्यान नदिएमा ग्याङ्ग्रिन जस्तो अवस्था सिर्जना हुन सक्छ।

**सही खानपानले रक्तसञ्चारमा सुधार**

पीएसआरआई अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. रवि प्रकाशले खानपानले मुटु र रक्तनलीको सुरक्षामा महत्त्वपूर्ण भूमिका खेल्ने र रगतको सर्कुलेसन सुधार्न सकिने बताएका छन्। पीएडीजस्ता रोगहरूको जोखिम घटाउन ओमेगा-३ फ्याटी एसिड, एन्टिअक्सिडेन्ट र फाइबर युक्त आहारको सेवन गर्नुपर्छ।

उनले साल्मन र म्याकरल जस्ता माछाहरू, ओखर, अलसीको बिउ र जैतुनको तेलले धमनीहरूमा बोसो जम्नबाट रोक्ने र रक्तप्रवाहलाई सुधार गर्ने बताए। पालुङ्गो, बेरीज र सुन्तला जस्ता सिट्रस फलहरूमा पाइने भिटामिन सी, ई र फोलेटले नसाहरूको लचकता कायम राख्छन्।

डा. प्रकाशले खुट्टा सुन्निएमा खानेकुरामा नुनको मात्रा कम गर्न सल्लाह दिएका छन्। यसको सट्टा केरा, एभोकाडो, पालुङ्गो र सखरखण्ड जस्ता पोटासियमयुक्त खाना खाने र पर्याप्त पानी पिउनु पनि आवश्यक छ। साथै, अङ्गुर, प्याज, ग्रीन टी र सिट्रस फलहरूले नसाहरूलाई बलियो बनाई रगतलाई मुटुसम्म फर्काउन मद्दत गर्छन्।

# बजेट अभावमा तङ्गाम स्वास्थ्यचौकी भवन अधुरै



गलकोट । काठेखोला गाउँपालिका-४ स्थित तङ्गाम आधारभूत स्वास्थ्य चौकीको भवन बजेट अभावमा अधुरो रहेको छ। स्वास्थ्यचौकीको भवन नहुँदा यहाँका नागरिकले सहज रुपमा सेवा पाउन सकेका छैनन् । अस्थायी रुपमा अहिले पाहुना घरबाट सेवा सञ्चालनमा आइरहेको छ। तङ्गामको धाकखोलामा गत वर्ष जग्गा व्यवस्थापनपछि निर्माण थालिएको भवन अधुरै रहेको छ । अहिलेसम्म तङ्गाम स्वास्थ्यचौकीको आफ्नै भवन नहुनु दुःखद रहेको भन्दै स्थानीयको अगुवाइमा धाकखोलामा सात रोपनी जग्गा व्यवस्थापनपछि निर्माण थालिएको भवन निर्माण अलपत्र जस्तै बनेको हो ।

गाउँपालिकाका अध्यक्ष राजु थापाको समन्वयमा रु सात लाख र तङ्गामकै पूर्ववडाध्यक्ष केशव थापाको व्यक्तिगत रु तीन लाख गरी रु १० लाखमा जग्गा खरिद गरेर सङ्घीय सरकारको रु ३८ लाखमा भवन निर्माण थालिए पनि गत असारदेखि काम ठप्प छभने भवन अहिले अलपत्र जस्तै देखिएको छ।

सङ्घीय सरकारको रु ३८ लाख लागतमा उपभोक्ता समितिमार्फत् भवन निर्माण थाले पनि गत वर्ष चैतमा मात्रै गाउँपालिकासँग सम्झौता गर्दा पूरै बजेटसमेत खर्च गर्न नसक्दा समस्या भएको जग्गा व्यवस्थापक तथा पूर्ववडाध्यक्ष थापाले जानकारी दिए। स्वास्थ्यचौकी नबन्दा थापाले जनताको सेवाका लागि आफ्नो कार्यकालमा रु ३३ लाख खर्चेर निर्माण गरेको पाहुनाघरमा स्वास्थ्य चौकीको सेवा प्रवाह भइरहेको जानकारी दिए।

विसं २०८१ चैत ३१ गते सम्झौता भएर असारमा काम सक्नुपर्ने भएकाले रु ३८ लाख बजेटमा जम्मा रु ३३ लाख ६५ हजार मात्रै खर्च भएको थापाले बताए। "काठखोलामा आफ्नै स्वास्थ्यचौकी नभएको तङ्गाममा मात्रै हो, त्यसैले जसरी पनि स्वास्थ्यचौकी बनाउनुपर्छ भनेर लागियो, रु १० लाखमा सात रोपनी जग्गा मेरै अगुवाइमा व्यवस्थापन भयो, तर सङ्घीय सरकारले स्वास्थ्यचौकी निर्माणका लागि पठाएको बजेट गाउँपालिकाले ढिलो सम्झौता गर्दा सबै बजेट कार्यान्वयन भएन", थापाले भने-"तङ्गाम ठूलो गाउँमा आफू वडाध्यक्ष हुँदा निर्माण गरेको पाहुना घरमा स्वास्थ्य चौकीको सेवा दिइरहेका छौं, यसअघि सामुदायिक भवनमा थियो, गाउँपालिकाले समेत यस वर्ष बजेट विनियोजन नगर्दा स्वास्थ्यचौकी भवन अलपत्र पर्‍यो ।"

गाउँपालिकाले ठेक्कामा लैजाने भन्दै रोकेर गत चैत ३१ गते उपभोक्ता समितिलाई सम्झौता गर्दा रात दिन लगाएर तीन महिनामा एक तला पक्की र एक तला जस्ताले छाए पनि अन्य काम गर्न नसकिएको उपभोक्ता समितिका अध्यक्ष दीपक परियारले जानकारी दिए।

चालु आर्थिक वर्षमा गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारबाट बजेट व्यवस्थापन नभएकाले स्वास्थ्यचौकी भवन यस वर्षसमेत अधुरै हुने देखिएको छ। गाउँपालिका अध्यक्ष थापाले प्रदेश सरकार र सङ्घीय सरकारबाट बजेट आउने आशा भए पनि आउन नसक्दा काम अधुरै रहेको बताए । उनले प्रदेश सरकारमा अझै पहलकदमी भइरहेको र चालु आर्थिक वर्षमा बजेट नआउने देखिएमा गाउँपालिकाले हिउँदेसभाबाट भए पनि बजेट संशोधन गरेर स्वास्थ्यचौकीको भवन पूरा गर्ने प्रतिबद्धता जनाए।

स्वास्थ्य चौकीको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा चुनौती भएको तङ्गाम आधारभूत स्वास्थ्य चौकीका प्रमुख गणेश शर्माले जानकारी दिए । स्वास्थ्य केन्द्रमा अहिले बर्थिङ सेन्टर र प्रयोगशालासमेत सञ्चालनमा छ । पाहुना घर सञ्चालनका लागि ल्याइएका लाखौंका सामग्रीसमेत अहिले प्रयोगविहीन भएका छन् ।

# आगामी पुसमा बाघ गणना गरिने



चितवन । आगामी पुसमा बाघ गणना गरिने भएको छ। पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणना गर्न लागिएको हो।

बाघ गणनापछि गैँडा गणना गर्ने योजना रहेको जनाइएको छ । गत आर्थिक वर्षमा अन्तिम अवस्थामा दाताले सहयोग गर्न नसक्ने जनाएपछि रोकिएको गैँडा गणना यस वर्ष गर्न लागिएको हो। यस वर्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले बाघ गणनाका लागि बजेट विनियोजन गरेको छ।

हरेक चार-चार वर्षमा बाघ गणना गरिँदै आएको छ। विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यका अनुसार पुस, माघ र फागुन गरी तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो। एकसिङ्गे गैँडा गणना चैत महिनामा गर्ने जनाइएको छ। गैँडा गणना गर्न तीन साता लाग्छ। निर्वाचन हुने भएकाले गैँडा गणनाका विषय भने अन्योल छ।

गैँडा चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु राष्ट्रिय निकुञ्जमा गणना गरिनेछ । बाघ गणनाका लागि चालु आर्थिक वर्षमा विभागले रु १८ लाख विनियोजन गरेको छ। यसका लागि रु एक करोड ५० लाखभन्दा बढी खर्च हुने गर्दछ। गैँडा गणनाका लागि पनि विभागले रु १८ लाख नै विनियोजन गरेको छ। गैँडा गणना गर्न रु दुई करोड बढी खर्च लाग्ने गर्दछ। बाँकी रकमका लागि दाताहरुसँग सहयोग मागिने छ।

यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३३५ वटा बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटमा ३६ वटा बाघ भेटिएको थियो । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्तका अनुसार बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेराहरु राख्ने गरिन्छ । त्यो क्यामेराले बाघको फोटो खिच्ने गर्दछ। बाघहरुको फोटो हेरेर तिनीहरुको शरीरमा भएका पाटाका आधारमा संख्या छुट्याइने उनले जानकारी दिए। हरेक बाघको पाटा फरक-फरक हुने गर्दछन्।

गैँडा गणना हात्तीमाथि चढेर प्रत्यक्ष अवलोकन गरी गर्ने गरिएको छ । यस पटक फरक विधि प्रयोग गर्ने विषयमा विभागले छलफल गरेको छ। नेपालमा सन् २००९, सन् २०१३, सन् २०१८ पनि बाघ गणना गरिएको थियो। सन् २००९ को गणनामा देशैभर १२१, सन् २०१३ मा १९८ र सन् २०१८ मा २३५ बाघ भेटिएका थिए।

सन् २०२१ मा गरिएको गैँडा गणनामा देशभरका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रमा ७५२ गैँडा फेला परेका थिए । सन् १९६० को दशकमा गैँडाको संख्या घटेर करिब एक सयको हाराहारीमा झरेको थियो। नेपालमा सन् १९५० को दशकमा ८०० वटा गैँडा रहेको अनुमान छ। सन् २०२१ को गणनामा चितवन राष्ट्रिय निकुञ्जमा मात्रै ६९४, बर्दिया राष्ट्रिय निकुञ्जमा २९ गैँडाबाट बढेर ३८, शुक्लाफाँटमा आठबाट बढेर १८ पुगेको थियो।

## प्रवासी...

आयोगले विदेशमा बस्ने नेपालीहरूका लागि मताधिकारको प्रयोग गर्न दिँदा अवलम्बन गरिने तरिकाबारे तीन विकल्प दिएको छ । पहिलोमा अग्रीम मतदान,दोस्रोमा विदेशस्थित कूटनीतिक नियोगमा मतदान केन्द्र राखेर मतदान र तेस्रोमा अनलाइन मतदान।

अग्रीम मतदानको सन्दर्भमा मतदाता नामावलीमा नाम भएका विदेशमा बस्ने नेपालीहरू निर्वाचनको समयमा नेपाल आएको बखत अग्रीम मतदान गर्न पाउने व्यवस्था प्रस्तावित छ।

अनलाइन भोटिङको व्यवस्थाअन्तर्गत जहाँ बसेको हो त्यहींबाट मतदान गर्न पाउने भनिएको छ।

विगतको छलफल समेतको आधारमा सरकार अहिले अगाडि बढ्न खोजेको हो।

गृह मन्त्रालयको कानुन महाशाखाका प्रमुख एवं सहसचिव रिजाल प्रवासी नेपालीको मताधिकारबारे सर्वोच्च अदालतको आदेश पालना गर्नुपर्नेबारे छलफल भइरहेको बताउँछन् ।

विदेशमा बस्ने नेपालीले विदेशबाट मतदान गर्न पाउनुपर्छ भनेर सर्वोच्च अदालतले निर्देशनात्मक आदेश दिँदा पनि यो कार्यान्वयन नभएको भनेर सरकारको आलोचना हुँदै आएको छ । यही बेला सरकारले यसका लागि प्रचलित ऐनमा आवश्यक संशोधन गर्ने गरी मस्यौदा बनाएर अगाडि बढाएको हो।

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश सपना प्रधान मल्ल र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले ७ चैत २०७४ मा विदेशमा रहेका नेपालीलाई विदेशमै मतदानको अधिकार सुनिश्चित गर्न निर्देशनात्मक आदेश दिएको थियो। यसका लागि आवश्यक पर्ने कानुन निर्माण गर्न सरकारलाई भनिएको थियो।

## नर्स...

सरकारले तोकेको तलब लोकसेवा परीक्षा उत्तीर्ण गरेर सरकारी अस्पतालमा सेवा गरिरहेका नर्सहरूमा मात्र लागू हुने तर निजी अस्पतालमा बाध्यकारी नभएको गुरुङले तर्क गरे।

नर्सहरूको आन्दोलन देशव्यापी भए पनि आफ्नो अस्पतालमा उपचार सेवा नै प्रभावित हुने गरी आन्दोलन भएको उनको गुनासो छ। सरकारले बनाएको कार्यदलले दिने प्रतिवेदनका आधारमा नर्सका माग के कति पूरा गर्न सकिन्छ वा सकिन्न भन्ने कात्तिक १८ गतेपछि मात्र थाहा हुने गुरुङले बताए।

सरकारले तोकेअनुसारको पारिश्रमिक वृद्धिबाहेकका अन्य ११ मागमा अस्पताल सकारात्मक रहेको गुरुङले बताए।

तर आन्दोलनरत एक अगुवा नर्सले भने अस्पतालले चरम श्रम शोषण गरेको, श्रम ऐनअनुसार नर्सहरूले पाउनुपर्ने तलब बाहेकका सेवा सुविधा र भत्ता नपाएको गुनासो गरिन्।

मेडिकल कलेजहरूले गर्ने आम्दानी-खर्च र कर्मचारीले पाउने तलबबारे उच्चस्तरीय छानबिन समेत हुनुपर्ने उनको भनाइ छ।

'लाखौं खर्च गरेर पढेर बिरामीको उपचार जस्तो संवेदनशील पेशामा काम गर्ने जनशक्तिलाई एउटा निरक्षर र अदक्ष मजदुरले पाउने न्यूनतम तलब दिएर टार्न खोज्नु अस्पतालको चरम श्रम शोषण हो, अब यस्तो शोषण अन्त्य हुनुपर्छ,'-उनले भनिन्-'सबै मेडिकल कलेजका अस्पतालले गर्ने आम्दानी-खर्च र नर्सिङसहित अन्य कर्मचारीले पाउने तलबबारे उच्चस्तरीय छानबिन समेत हुनुपर्छ।'

नर्सहरूले असोज ३१ गते मागपत्र बुझाएका थिए । अस्पतालले एकपटक वार्तामा बोलाएको, तर माग पूरा गर्न नसकिने ठाडो जवाफ दिएपछि कात्तिक २ गतेदेखि आन्दोलनमा उत्रिएका हुन् । दोस्रोपटक भएको वार्तामा पनि कात्तिक १८ गते अगाडि अस्पतालले माग पूरा गर्ने नगर्ने सम्बन्धमा कुनै निर्णय लिन नसक्ने बताएपछि आन्दोलन जारी रहेको छ।

सरकारले


## पेन्सनपट्टा सहित महत्वपूर्ण कागजातहरु हराएको सूचना

मेरो निम्न विवरण भएको (भारतीय सेनाको पेन्सनपट्टा, सर्भिस सटिफिकेट, परिचय-पत्र, भारतीय सेनाको केन्द्रियबाट सिफारिस गरिएको पत्र र श्रीमति मान कुमारी खासु मगर पारिवारिक पेन्सनपट्टा तिनलाकुरी पाल्पा हुँदै बुटवल जाने क्रममा यही मिति २०८२।०६। २७ गते हराएको हुँदा फेला पार्नेहुने महानुभावहरुले निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु।

**नाम :** भिम सिं खासु मगर
**ठेगाना :** तानसेन-११, पाल्पा
**पेन्सनपट्टा नं.:** २३९०३९६०६५४९/६१७१४
**सम्पर्क नं.:** ९७४३२०२३३४



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
(प्रशासन शाखा)
सिद्धार्थनगर, रूपन्देही

**सिफारिस सम्बन्धमा ।**

मितिः २०८२/०६/३०
ने.सं.:- ११४५

**जो जससंग सम्बन्ध छ।**

जिल्ला रुपन्देही कञ्चन गाउँपालिका वडा नं. ०४ बस्ने बम बहादुर श्रीसले आफु भारतीय भू. पु. सैनिक नं. ५७४५३९१ ७/८ GR हवल्दार रेजिमेन्ट पदको पेन्सनर रहेकोमा निजले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर बम बहादुर श्रीस उल्लेख भएको र निज पेन्सन अभिलेखमा नामथर बम बहादुर थापा उल्लेख भई नामथर फरक परेको साथै निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर बलरुपी श्रीस र निज पेन्सनरको पेन्सन अभिलेखमा पत्नीको नामथर बल्लुपी माया उल्लेख भई पेन्सनर र पेन्सनरको पत्नीको नामथर फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा सिफारिस गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित कञ्चन गाउँपालिका ०४ नं. वडा कार्यालयको च. नं ६५६, मिति २०८२/०६/२९ को सिफारिस पत्रबाट समेत लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि सिफारिस गरिएको छ।



डा. टोकराज पाण्डे
प्रमुख जिल्ला अधिकारी



# Gaidahawa Rural Municipality
## Office of Rural Municipal Executive
### Bishnupura, Rupandehi

## Invitation for Bid

Date of publication: 2082-07-12 (29th Oct,2025)

Gaidahawa Rural Municipality, Office of Rural Municipal Executive, Bishnupura, Rupandehi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.For detail information contact in office.

***Information to deposit the cost in the Bank:,***

Name of the Bank: NIC ASIA Bank Ltd.

Name of Office: Gaidahawa Rural Municipality, Bishnupura, Rupandehi

Rajaswa (Internal revenue) Account no. : 1102050029006002 (For Bid Document)

DharautiKhata no.:110CA50014816004 (For Bid Security)

| Contract Identification Number | Name of Project | Bid Price (Non Refundable) | Bid Security Amount In NRs | Bid security valid period | Last date of Bid submission | Bid Open | Average Annual Construction Turnover, NRs, Million | Minimum Work experience of similar size and nature |
|---|---|---|---|---|---|---|---|---|
| 01-GRM/ W01/NCB/ 2082/083 | Construction of Suryapura Bahumukhi Campus | NRs. 5000 | 5,70,000.00 | 120 Days | 30th Nov 2025 . 12:00 Noon | 30th Nov 2025. 13:00 Noon | 30.00 | One R.C.C Building of Amount 81 Lakhs.(excluding VAT). |

| Contract Identification Number | Name of Project | Bid Price (Non Refundable) | Bid Security Amount In NRs | Bid security valid period | Last date of Bid submission | Bid Open | Estimated Amount (including VAT&P.S) |
|---|---|---|---|---|---|---|---|
| 02-GRM/W02/ NCB/2082/083 | Lalpur Dekhi Gaidahawa Taal Blacktop | NRs. 3000.00 | 4,40,000.00 | 120 Days | 30thNov 2025. 12:00 noon | 30th Nov 2025. 13:00 noon | NRs 1,76,37,756.96 |
| 03-GRM/W03/ NCB/2082/083 | Rajuko Hotel Hudai Prahari Chauki ra Suryapura Samma Kalopatre Nirman | | 3,60,000.00 | | | | NRs. 1,45,41,532.86 |
| 04-GRM/W04/ NCB/2082/083 | Sadi Swasthye Chauki Compound Wall Nirman | | 72,000.00 | | | | NRs. 29,09,206.12 |

Chief Administrative Officer



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**मुक्तिनाथ मन्दिरमा सेताम्मे हिउँ:**
मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-१ स्थित सेताम्मे हिउँले ढाकिएको मुक्तिनाथ मन्दिर। हिमपात भएसँगै मुक्तिनाथ दर्शन गर्न पुगेका दर्शनार्थीलाई कठिनाइ भएको छ। तस्विर : सुन्दरकुमार थकाली/रासस

# सातौँ लुम्बिनी महोत्सव मंसिर ३ देखि



भैरहवा । चेम्बर अफ कमर्श (उद्योग व्यापार संगठन) रुपन्देहीको आयोजनामा सातौँ लुम्बिनी महोत्सव आगामी मंसिर ३ गतेबाट हुने भएको छ।

'स्थानीय बजारमा खरिद गरौं, स्थानीय बजारको प्रवर्धन गरौं, स्वदेशी वस्तुको प्रयोग गरौं स्वाभिमानी नेपालीको पहिचान बनाऔं ।' भन्ने मूल नाराका साथ २०६६ सालबाट संगठनले महोत्सव आयोजना गर्दै आएको छ । २०६३ सालमा संगठनले उद्योगी व्यवसायीहरुको हकहित र अधिकारको कार्य अगाडि बढाउँदै उद्योग, पर्यटन तथा कृषिसम्बन्धी नीति तथा कानुन निर्माणमा सरसल्लाह दिने रुपन्देही जिल्लामा संगठनले उद्योग, व्यापार कृषि र पर्यटनको प्रवर्धनका लागि पर्यटन महोत्सव, औद्योगिक मेला, सडकखाना महोत्सव, गोष्ठी, अन्तर्क्रिया व्यापारमा सहजीकरण लगायतका काम गर्दै आएको छ। विगतका सफलतालाई आत्मसाथ गर्दै अझै परिष्कृत र परिमार्जन तथा थप आकर्षक कार्यक्रमहरुसहित आगामी मंसिर ३ गते देखि २१ गते सम्म महोत्सव आयोजना गर्न लागेको अध्यक्ष सचिन रोक्काले जानकारी दिए।

मेलाको मुख्य विशेषता नै विगतभन्दा गुणस्तरीय मेला आयोजना गर्नु हो । दर्शकलाई खुशी बनाउने मेलाको रुपमा रहने यो मेलामा फिस टनेल, जलपरि, आइफिल टावरको आकृति मुख्य आकर्षणको रुपमा रहने छ।

विश्वशान्तिका अग्रद्भूत भगवान् गौतमबुद्धको पवित्र जन्मस्थल लुम्बिनीको प्रवेशद्वारको रुपमा रहेको भैरहवामा लाग्ने महोत्सव कृषि, पर्यटन, उद्योग, व्यापार एवम् प्रविधिको बृहत् प्रदर्शनीसहित आन्तरिक र समिावर्ति पर्यटकमा केन्द्रित रहने छ । मेलामा कृषि, उद्योग, ब्यापार, हस्तकला, तयारी पोशाक, छाला जुत्ता, खाद्यान्न, अटोमोबाईल्स, बैंक तथा बित्तिय सस्था, सूचना प्रबिधी, होटल, रेष्टुरेन्ट, बिद्युतिय सामग्री, छाला जुत्ता, लगायतका २ सय ५० स्टल रहने आयोजकले पत्रकार सम्मेलन गरी जानकारी दिएको छ।

मेलाको माध्यमबाट स्थानीय ब्राण्ड तथा पर्यटन स्थलहरुको प्रवर्धन, उद्योगहरुको उत्पादन तथा सेवाहरुको प्रवर्धन तथा प्रचार प्रसार गराउन अवसर प्रदान गर्ने, स्थानीयस्तरको हस्तकला, घरेलु तथा कृषिजन्य उत्पादनहरुको प्रदर्शनी, नविन प्रविधिको प्रदर्शनी हुने भएकाले सबैका अवसरको रुप हुने संघले जानकारी दिएको छ।

परनिर्भर अर्थतन्त्रलाई आत्मनिर्भर अर्थतन्त्रमा रुपान्तरण गरी राष्ट्रिय साना तथा घरेलु उद्योग र व्यापारको प्रोत्साहन स्वरूप प्रवर्धन गर्ने, लुम्बिनी क्षेत्रका पर्यटकीय स्थलको विकास गर्ने र लुम्बिनीलाई यस क्षेत्रको पर्यटकीय आर्थिक पर्यटन रुपमा विकास गर्ने, उत्पादक र उपभोक्ताबिच सिधा सम्पर्क गराई उपभोक्तामुखी क्रियाकलापमा वृद्धि गराई स्थानीय वस्तुको बजार व्यवस्थापनमा सहयोग पुर्‍याउने, सूचना प्रविधिमा पहुँच पुर्‍याउने र विकास र विस्तारमा सहयोग पुर्‍याउने, स्थानीयस्तरमा उत्पादित बस्तु तथा हस्तकला सामग्रीको बजार विस्तार र प्रबन्ध मिलाउन उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको संगठनकी महासचिव लक्ष्मी अधिकारीले बताइन।

महोत्सव सफल बनाउनका लागि संगठनका अध्यक्षको संयोजकत्वमा मुल आयोजक समिति र विभिन्न ३५ वटा उप-समिति, २५ सदस्यीय विशेष सल्लाहकार समिति र १५१ सदस्यीय सल्लाहकार समिति गठन गरिएको छ। भैरहवामा स्थायी मण्डप नहुँदा विगत केही वर्षदेखि निजी व्यक्तिको जग्गा सिद्धार्थनगर ८ अञ्चलपुरमा लाग्दै आएको स्थलमा नै महोत्सव हुनेछ। महोत्सवमा ३ लाख ५० हजार बढीले अवलोकन गर्ने र १ करोड ३२ लाख अनुमानित लागत लाग्ने अपेक्षा आयोजकले गरेको छ।

# तरकारीमा विषादीको मात्रा बढ्दो



बाँके । यहाँका किसानद्वारा उत्पादित तरकारीमा विषादीको मात्रा वृद्धि हुँदै गएको छ। नेपालगञ्जस्थित केन्द्रीय कृषि प्रयोगशाला, विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइमा गत आर्थिक वर्ष २०८१/८२ मा नमूना परीक्षण गर्दा १० किसिमका तरकारीमा विषादीको मात्रा अत्यधिक फेला परेको प्रयोगशालाका नायब प्राविधिक सहायक गौरव चौधरीले जानकारी दिए।

उनका अनुसार कैफियत पाइएका तरकारी बाँके जिल्लाकै उत्पादन हुन्। दश वटामध्ये नौ वटा रायो, माटे र सम्धिनीलगायत सागमा कैफियत पाइएको जनाउँदै उनले एउटा बोडीको नमूनामा विषादीको मात्रा फेला परेको बताए । चैतमा तीन, बैशाखमा पाँच, जेठमा एक र असारमा एउटा नमूनामा कैफियत देखिएको थियो । दशवटै नमूना परीक्षण गर्दा रेडलेबल (उपभोग गर्न नमिल्ने) पाइएको चौधरीले जनाए।

प्रयोगशालामा भारतबाट आयातीत ४१३, सल्यानका २७३, बाँकेका ९६२, चितवनका ७९, सुर्खेतका १२, जुम्लाका एक, बर्दियाका ५३, रोल्पाका ११, दैलेखका दुई, रुपन्देहीका एक र दाङका ७६ नमूना परीक्षण गरिएको प्रयोगशालाका नायब प्राविधिक सहायक चौधरीले जानकारी दिए।

"तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षणमा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत भएमा त्यसलाई 'ग्रीन लेबल' (उपभोग गर्न मिल्ने), ३५ देखि ४५ प्रतिशत निषेध प्रतिशत पाइएमा त्यसलाई 'यल्लो लेबल' (चार-पाँच दिनसम्म क्वारेन्टिनमा राखेर पुनःपरीक्षण गर्दा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत देखिएमा उपभोग गर्न मिल्ने) र ४५ प्रतिशतभन्दा माथि निषेध प्रतिशत देखिएमा त्यसलाई 'रेडलेबल' (उपभोग गर्न नमिल्ने) भनेर कैफियत लेखिन्छ।"-चौधरीले भने।

प्रयोगशालामा नेपालका विभिन्न जिल्लाबाट नेपालगञ्ज आउने तरकारी तथा फलफूलजन्य वस्तु र भारतबाट आयात गरिने तरकारी तथा फलफूलजन्य वस्तुको विषादी जाँच हुने उनले बताए। करिब एकदेखि डेढ घण्टाभित्रमा परीक्षण गरिएका नमूनाको नतिजा आउने उनले जानकारी दिए।

अघिल्लो आर्थिक वर्षमाभन्दा गत आर्थिक वर्षमा तरकारी तथा फलफूलजन्य वस्तुको नमूना बढीमात्रामा परीक्षण भएसँगै विषादी पाइने संख्यामा पनि वृद्धि भएको चौधरीको भनाइ छ।

उनका अनुसार नेपालगञ्जस्थित विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइमा गत आवमा एक हजार ८८३ वटा विभिन्न तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षण हुँदा १० वटा नमूनामा कैफियत पाइएको हो । त्यसैगरी अघिल्लो आवमा एक हजार ९४ नमूना परीक्षण हुँदा सात वटामा कैफियत पाइएको थियो।

"गत आवमा एक हजार ८८३ नमूना परीक्षण भएकामा १० वटामा कैफियत देखियो, अघिल्लो आवमा एक हजार ९४ परीक्षण गरिएकामा सात वटा नमूनामा कैफियत देखिएको थियो", उनले भने-"अघिल्लो आवमाभन्दा गत आवमा नमूना परीक्षणको संख्यामा उल्लेख्य वृद्धि भएको छ, परीक्षणको दायरा बढेसँगै कैफियतमा पनि केही वृद्धि भएको हो।"

चालु आवको साउनदेखि हालसम्म ४८२ वटा तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षण गरिएको छ। उक्त नमूनामा कुनै पनि कैफियत नपाइएको चौधरीको भनाइ छ।

प्रयोगशालामा आव २०८०/८१ मा एक हजार ९४ नमूना परीक्षण हुँदा तीन वटा 'यल्लो' र चार वटा 'रेडलेबल' गरी सात नमूनामा कैफियत पाइएकामा आव २०७९/८० मा एक हजार ८५ नमुना परीक्षण हुँदा छ वटा यल्लो र १० वटा रेडलेबल गरी १६ नमूनामा कैफियत देखिएको थियो। गत आवमा नमुना परीक्षणको संख्या वृद्धि भएसँगै कैफियत पाइने संख्यामा पनि वृद्धि भएको हो।

नायव प्राविधिक सहायक चौधरीका अनुसार तरकारी तथा फलफूलजन्य वस्तुमा 'अर्गानोफस्फेट' र 'कार्बामेट' गरी दुई वटा विषादी समूहको परीक्षण हुने गर्दछ। नेपालगञ्जबाट विसं २०७९ मङ्सिरदेखि तरकारी तथा फलफूलजन्य वस्तुको विषादी नमूना परीक्षण सुरु गरिएको हो।

# लुम्बिनी प्रदेश र बेलायतबिच सहकार्यबारे छलफल




बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र बेलायती दूतावासका सुशासन तथा सामाजिक विकास विभागका प्रमुख एन्ड्रु लडबिच मंगलबार भेटवार्ता भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय देउखुरीमा भएको उक्त भेटमा प्रदेशमा सुशासन सुदृढीकरण, सङ्घीयताको कार्यान्वयन र विकास सहकार्यका विषयमा छलफल भएको थियो।

भेटका क्रममा मुख्यमन्त्री आचार्यले प्रदेश र स्थानीय सरकारहरूले आफ्ना निर्धारित कार्यक्रम कार्यान्वयनको प्रक्रियामा अघि बढिरहेको जानकारी गराए। उनले सङ्घीयतालाई सुदृढ बनाउने र नागरिकको जीवनस्तर सुधार गर्ने दिशामा प्रदेश सरकार निरन्तर प्रयासरत रहेको बताए। मुख्यमन्त्री आचार्यले नेपाल-बेलायतबिचको सम्बन्ध ऐतिहासिक र मित्रतापूर्ण रहेको उल्लेख गर्दै पछिल्ला राजनीतिक परिवर्तनपछि मुलुकमा प्रत्यक्ष तथा अप्रत्यक्ष जटिलता देखापरेको र त्यसले प्रशासनिक तथा भौतिक संरचनामा असर पारेको बताए । उनले प्रदेश सरकारले अघि सारेका कार्यक्रमलाई निरन्तरता दिइरहेको र बेलायती सरकारबाट निर्दिष्ट कार्यक्रमलाई पनि स्थायित्वका साथ अघि बढाउनुपर्नेमा जोड दिए। सङ्घीयतालाई बलियो बनाउने, जनतासँग जोडिएका कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र सुशासन प्रवर्द्धनका क्षेत्रमा आपसी सहकार्यको आशा गरिएको उनको भनाइ थियो।

मुख्यमन्त्री आचार्यले प्रदेशको आर्थिक अवस्था जटिलतातर्फ उन्मुख रहेको जानकारी दिँदै चालु आर्थिक वर्षका लागि विनियोजन भएको बजेटमा २० प्रतिशत कटौती गर्ने निर्णय गर्नुपरेको जानकारी गराए । त्यसभित्र जनताको जीवनसँग प्रत्यक्ष सम्बन्ध भएका कार्यक्रममा कटौती नगर्ने नीति लिइएको स्पष्ट पारे। उनले आगामी पाँच वर्षभित्र सुशासन र सेवा प्रवाहमा आमूल परिवर्तन ल्याउन सकिने विश्वास व्यक्त गरेका थिए।

भेटका क्रममा बेलायती दूतावासका प्रतिनिधि लडले नेपाल र बेलायतबीचको सम्बन्ध अझ सुदृढ बनाउने तथा दुबै सरकार मिलेर सुशासन, विकास र सङ्घीय अभ्यास सुदृढीकरणका क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले प्रदेशको आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा दोस्रो आवधिक योजनाको कार्यान्वयनमा बेलायती सहयोग रहने विश्वास दिलाए।

# धानको पाँजा रूझेपछि कृषक चिन्तामा



स्याङ्जा । धान काटेर खेतमै सुकाएको पाँजा रुझाएपछि स्याङ्जाका कृषक चिन्तित बनेका छन् । सोमबार रातिबाटै परेको बेमौसमी सिमसिम वर्षाले धान बालीमा क्षति पुर्‍याएपछि कृषकहरु चिन्तित बनेका हुन्। भित्राउन ठिक्क परेको धानको पाँजा वर्षाले रुझेको छ भने काट्न तयारी अवस्थाका धानका दाना खेतमै झरेको छ।

वर्ष दिनसम्म खान तयार धान बाली रुझाएपछि कृषकलाई चिन्ता परेको हो। जिल्लाका हजारौं कृषकले हजारौं हेक्टरमा लगाएको धान खेतमै रुझेको छ । वर्ष भरी खान तयार भएको धान नराम्रोसँग रुझाउँदा आफूलाई चिन्ता बढेको उनीहरुको भनाइ छ।

तिहार सकिएसँगै भित्र्याउने तयारी गरेको धान रुझाएपछि कृषकलाई वर्षा रोकिंदैन कि भन्ने थप चिन्ताले सताएको छ। जिल्ला कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालका अनुसार बेमौसमी सिमसिम वर्षाले जिल्लाका अधिकांश क्षेत्रमा पाकेर तयार धान रुझाएको छ। धान रुझेर कति क्षति पुग्छ, त्यसको विवरण संकलन गर्न समय लाग्ने हमालले बताए।

हालसम्म परेको वर्षाले ठूलो क्षति नपुगेको भए पनि वर्षा नियमित भए क्षति ठूलो हुने उनले बताए। काटेर पाँजा बनाएर राखेको धान कृषकहरुले त्रिपालले छोपेर राखेका छन्। वर्षा नियमित पर्दैगए त्रिपालले समेत धान जोगाउन मुस्किल हुने स्थानीय कृषकहरुले बताएका छन्।

जिल्लाका ११ वटै पालिकामा लगाइएको धान बाली रुझेका छन्। जिल्लाका प्रमुख रुपमा आँधीखोला, कालीगण्डकी, ज्याग्दीखोला, सेतीखोला, दरौखोला किनार, चापाकोट फाँट, रत्नपुर, कुवाकोट, बिरुवा फाँट, गल्याङ, सेतीदोभान, लामागे र ठूलीबेसी फाँटहरु धान खेतीका उर्वर क्षेत्र हुन् । जिल्लामा सावित्री, मन्सुरी, रामधानलगायत हाइब्रिड जातका उन्नत धान खेती गरिन्छ।

सोमबार रातिबाट हल्का वर्षा सुरु भएसँगै जिल्लाका धेरै कृषक धान जोगाउन राति नै खेतमा पुगेका थिए। केहीदिन पानी पर्न सक्ने भन्दै मौसमविद्ले सूचना जारी गरेको भन्दै कृषकले सम्भव हुने धानलाई सुरक्षित तबरबाट राख्न सक्रिय बनेका थिए।

# नेप्से परिसूचक ६२ अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ६२ दशमलव २९ अङ्कले बढेर दुई हजार ५७१ दशमलव ३४ को बिन्दुमा कायम भएको छ। यो दुई दशमलव ४८ प्रतिशतको वृद्धि हो।

मंगलबार ३१४ कम्पनीको ९२ लाख ४३ हजार ७२३ कित्ता शेयर ४७ हजार ९४ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ५७ करोड ३९ लाख ४३ हजार ४०५ बराबरको कारोबार भएको छ।

व्यापार समूह बाहेक अन्य सबै समूहको उपसूचक बढेको छ । कारोबारमा न्यादी हाईड्रोपावर लिमिटेड र बुटवल पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सबैभन्दा धेरै गुमाउनेमा हिमालयन पावर पार्टनर लिमिटेडको शेयर मूल्य ६ दशमलव ३६ प्रतिशतले घटेको छ।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं ।

**सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com